जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ५ | २०८३ साल वैशाख ०७ गते, सोमबार | Monday, Apr.– 20 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## बारामा कपडा, चकलेट र काजु तस्करी फस्टाउँदै – सिम्रौनगढदेखि काठमाडौंसम्म संगठित सञ्जाल सक्रिय

***संवाहक सम्वादाता-६ वैशाख, कलैया***

बाराको सीमाक्षेत्रमा कपडा, चकलेट र काजुजस्ता उच्च माग भएका वस्तुको तस्करी पछिल्ला दिनमा झन् फस्टाउँदै गएको पाइएको छ। सिम्रौनगढ, पिपरपाती, बेनौली र भोला नाकालाई मुख्य मार्ग बनाउँदै यो सञ्जाल पहाडी क्षेत्र हुँदै काठमाडौंसम्म विस्तार भएको स्थानीय स्रोतहरूले जनाएका छन्। भारतको विहारतर्फबाट सस्तो मूल्यका कपडा, चकलेट र काजु ठूलो परिमाणमा सीमापार ल्याइने र मोटरसाइकल तथा पिकअप भ्यानमार्फत राति तथा झिसमिसे बिहानको समयमा नेपाल प्रवेश गराइने गरिएको बताइन्छ।







सीमापार भित्र्याइएका सामान सिम्रौनगढ र आसपासका गोदाममा संकलन गरी भण्डारण गरिन्छ। त्यसपछि ती सामानलाई मागअनुसार साना-साना परिमाणमा विभाजन गरेर विभिन्न जिल्लातर्फ पठाइने गरिएको स्रोतको दाबी छ। सिम्रौनगढबाट सुरु भएको वितरण प्रणाली पिपरपाती, बेनौली हुँदै बाराका ग्रामीण भेग पार गर्दै रौतहट, मकवानपुर हुँदै काठमाडौंसम्म पुग्ने गरेको बताइन्छ। यसरी कपडा, चकलेट र काजुको कारोबार 'बुकिङ सिस्टम' जस्तै संरचनामा सञ्चालन हुने गरेको स्थानीयको भनाइ छ।

यस तस्करी सञ्जालमा स्थानीय स्तरमा सियाराम, राजेश, खेना लगायतका व्यक्तिहरू सक्रिय रहेको आरोप छ। उनीहरू नाका व्यवस्थापन, गोदाम सञ्चालन, रकम मिलान र ढुवानी समन्वयसम्मका काममा संलग्न रहेको स्रोतको दाबी छ। साथै, भारतीय पक्षका केही समूहसँग मिलेर यो कारोबार सञ्चालन हुने गरेको र नाका तथा चेकपोस्टहरूमा 'लाइन मिलाउने' अभ्यास हुने गरेको पनि आरोप लगाइएको छ।

स्थानीयका अनुसार राति १० बजेदेखि बिहान ४ बजेसम्मको समयलाई मुख्य रूपमा प्रयोग गरी सामान ओसारपसार गरिन्छ। मोटरसाइकल र पिकअप भ्यानको लहरै सीमाबाट प्रवेश गर्ने र ग्रामीण वैकल्पिक सडक प्रयोग गरी मुख्य राजमार्ग छलिने गरिएको बताइन्छ। कपडा, चकलेट र काजुजस्ता सामानलाई सानो-साना भागमा बाँडेर विभिन्न सवारीसाधनमार्फत अलग-अलग मार्ग हुँदै गन्तव्यसम्म पुर्‍याइने गरिएको छ।

स्थानीयले यस्तो गतिविधि लामो समयदेखि चलिरहे पनि नियन्त्रण नहुनु गम्भीर विषय भएको बताएका छन्। सामान्य नागरिकका सामानमा कडाइ हुने तर तस्करीमा संलग्न सवारीसाधन सहजै आवतजावत गर्ने गरेको आरोपसमेत उनीहरूको छ। सुरक्षा निकायलाई सूचना पुग्ने तर प्रभावकारी कारबाही नहुने, बरु सूचना चुहावट भएर तस्कर समूह

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्जको मुख्य सडक विस्तार सुरु, १३ वर्षपछि १३ डोजरले एकैसाथ संरचना हटाउन थाल्यो

***६ वैशाख, वीरगञ्ज ।***

लामो समयदेखि अलपत्र रहेको वीरगञ्जको मुख्य सडक (त्रिभुवन राजपथ) विस्तार कार्य १३ वर्षपछि औपचारिक रूपमा सुरु भएको छ। आइतबार बिहानदेखि गण्डक चोकदेखि भन्सार क्षेत्रसम्मको सडक खण्डमा १३ वटा डोजर परिचालन गरी अतिक्रमित संरचना हटाउने काम थालिएको हो।







सडक डिभिजन कार्यालय हेटौंडाको नेतृत्वमा सुरु गरिएको अभियानअन्तर्गत पावर हाउस चोक, घण्टाघर, माइस्थान, आदर्शनगर, बिर्ता, छपकैया हुँदै भन्सार क्षेत्रसम्मका संरचना हटाइँदै छन्। यो सडकलाई दायाँ-बायाँ २५-२५ मिटर फराकिलो बनाउने योजना रहेको छ।

सडक डिभिजनका अनुसार कार्यालयका ९ वटा र वीरगञ्ज महानगरपालिकाका ४ वटा डोजर प्रयोगमा छन्। जिल्ला प्रशासन कार्यालय पर्साले शनिबार नै सूचना जारी गर्दै सडक मापदण्डभित्र पर्ने संरचना खाली गर्न आग्रह गरेको थियो। सुरक्षा निकायको कडा निगरानीमा काम अघि बढाइएको छ।

यो सडक विस्तार योजना विक्रम संवत् २०६९ सालदेखि अघि बढाउन खोजिएको भए पनि स्थानीय विरोध, रिट निवेदन र कानुनी प्रक्रियाका कारण रोकिँदै आएको थियो। २०७५ र २०७६ सालमा करिब १२००

बाँकी तेस्रो पृष्ठमा

## पत्रकार आचारसंहिता उल्लंघनमा कडा कारबाहीको चेतावनी : महासंघ पर्सा

***वीरगञ्ज । ६ वैशाख,***

नेपाल पत्रकार महासंघ पर्सा शाखाले पत्रकारिताको नाममा अभद्र व्यवहार गर्ने तथा पत्रकार आचारसंहिता उल्लंघन गर्ने पत्रकार र सञ्चारमाध्यमलाई कडा कारबाही गर्ने चेतावनी दिएको छ।

आइतबार जारी गरिएको प्रेस विज्ञप्तिमा महासंघले जिल्लामा सञ्चालित केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सक्रिय पत्रकारहरूले समाचार सम्प्रेषणका क्रममा न्यूनतम आचारसंहितासमेत पालना नगरेकोप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। महासंघका अनुसार केही अनलाइन, फेसबुक तथा युट्युबजस्ता प्लेटफर्ममार्फत संवेदनशील विषयहरू–जस्तै सामाजिक सद्भाव, जबरजस्ती करणीजस्ता अपराध र व्यक्तिगत गोपनीयतासम्बन्धी समाचार–प्रसारण गर्दा गैरजिम्मेवार शैली अपनाइएको पाइएको छ। यसले पत्रकारिताको मर्यादा र विश्वसनीयतामाथि प्रश्न उठाएको महासंघको भनाइ छ। महासंघले यसअघि पटक-पटक सचेत गराउँदा पनि सुधार नदेखिएको उल्लेख गर्दै अब यस्ता गतिविधि तत्काल रोक्न आग्रह गरेको छ। साथै, समाचार संकलन र प्रसारणका क्रममा शिष्टता र पेशागत मर्यादा कायम राख्न सबै पत्रकार र सञ्चारगृहलाई अपिल गरिएको छ। यदि भविष्यमा पनि आचारसंहिता उल्लंघन गरी समाचार सम्प्रेषण गरिएको पाइएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित पक्षले नै लिनुपर्ने र आवश्यक परे महासंघले आफैं कडा कारबाही प्रक्रिया अघि बढाउने चेतावनी समेत दिएको छ।






नेपाल पत्रकार महासंघ

Federation of Nepali Journalists (FNJ)

प्रेस विज्ञप्ति

## हावाहुरीको कहर : रुख ढल्दा २ को मृत्यु, टेम्पु दुर्घटनामा ४ घाइते, चट्याङले थप एकको ज्यान

***६, महोत्तरी/बारा ।***

शनिबार साँझ आएको हावाहुरी र असिनापानीले मधेस प्रदेशमा ठूलो जनधनको क्षति पुर्‍याएको छ। रुख ढल्दा टेम्पुमा सवार दुई जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। त्यस्तै चट्याङ लागेर बारामा एक जनाको मृत्यु भएको छ।



महोत्तरीको जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको ज १ ह ४८५० नम्बरको टेम्पुमाथि जलेश्वर-प्रकौली क्षेत्र (नेपाली सेनाको ब्यारेक नजिकै) सडक किनारको रुख अचानक ढलेर दुर्घटना भएको हो। दुर्घटनामा जनकपुरधाम-२० की ४१ वर्षीया सकुन्तला देवी र महोत्तरी एकडारा गाउँपालिका-३ का ३३ वर्षीय राहुल मलिकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

दुर्घटनामा टेम्पु चालक जलेश्वर नगरपालिका-११ का ५२ वर्षीय हरेन्द्र ठाकुर, एकडारा-३ की फेकनी देवी मलिक, जनकपुरधाम-१२ का १७ वर्षीय धिरज मलिक र जनकपुरधाम-२० की १४ वर्षीया रिया पण्डित घाइते भएका छन्। घाइतेमध्ये चालक हरेन्द्र ठाकुर, फेकनी देवी र रिया पण्डितको अवस्था गम्भीर रहेको र उनीहरूको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको प्रहरीले जनाएको छ। धिरज मलिकको उपचार जलेश्वर अस्पतालमा भइरहेको छ।

घाइते रिया पण्डित मृतक सकुन्तला देवीकी छोरी भएको खुलेको छ। दुर्घटनापछि टेम्पु पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। स्थानीयवासी, प्रहरी र नेपाली सेनाको टोलीले उद्धार कार्य गरेका थिए। सडक किनारका जोखिमयुक्त रुख

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## सीमामा "कडाइ" कि देखावटी? बारामा तस्करीको जालो किन रोकिँदैन

नेपाल-भारत सीमामा कडाइ गरिएको सरकारी दाबी नयाँ होइन। तर बाराको सीमाक्षेत्रमा भइरहेको गतिविधिले ती दाबीहरू कति खोक्रा छन् भन्ने प्रश्न उठाउन बाध्य बनाएको छ। कागजमा कडाइ र व्यवहारमा खुल्ला तस्करी–यही विरोधाभास अहिले सबैभन्दा ठूलो समस्या बनेको देखिन्छ। बेनौली-पिपरपाती नाका, बेलादरी बोर्डरजस्ता क्षेत्रहरूमा भइरहेको गतिविधि कुनै सामान्य चोरी-छिपीको काम होइन, यो त स्पष्ट रूपमा संगठित सञ्जालको संकेत हो। मोटरसाइकलमार्फत सामान भित्र्याउने, गोदाममा भण्डारण गर्ने, त्यसपछि निश्चित रुट हुँदै पुनः वितरण गर्ने–यी सबै प्रक्रियाले तस्करी अब 'व्यवसायिक मोडेल' मा रूपान्तरण भइसकेको देखाउँछ।

सबैभन्दा चिन्ताजनक कुरा के हो भने, यस्तो गतिविधि कुनै गोप्य होइन। स्थानीयले दैनिक रूपमा देखिरहेका छन्, निगरानी गर्दा सहजै पुष्टि हुन्छ। तर पनि नियन्त्रणको अभाव किन? यहीँबाट शंका जन्मिन्छ–के यो केवल कमजोरी हो, कि मिलेमतो?

सामान्य नागरिकमाथि कडाइ गर्ने तर तस्करलाई सहज बाटो दिने अवस्था राज्यको दोहोरो चरित्रको उदाहरण हो। यदि सीमामा साँच्चिकै कडाइ गरिएको हो भने मोटरसाइकलको लहरै प्रवेश कसरी सम्भव हुन्छ? यदि निगरानी प्रभावकारी छ भने दिनमै पटक-पटक हुने ओसारपसार कसरी छुट्छ?

अर्को गम्भीर पक्ष भनेको 'लाइन मिलाउने' संस्कार हो। जब अवैध कारोबारमा संलग्न समूहले चौकी-चौकीमा नजराना बुझाएर निर्बाध रूपमा सामान ओसारपसार गर्न सक्छ, त्यसले केवल तस्करी होइन–राज्य संयन्त्रभित्रको कमजोरी र सम्भावित संलग्नतालाई पनि उजागर गर्छ। सूचना चुहावटको आरोप झन् गम्भीर छ। यदि सुरक्षा निकायसम्म पुगेका सूचना उल्टै तस्करसम्म पुग्छन् भने त्यो केवल लापरबाही होइन, संस्थागत विफलताको संकेत हो। यसले कानुन कार्यान्वयनप्रति जनविश्वासलाई कमजोर बनाउँछ। यसरी लामो समयदेखि गोदाम सार्दै, रुट परिवर्तन गर्दै सञ्चालन भइरहेको सञ्जालले स्पष्ट देखाउँछ–समस्या आकस्मिक होइन, संरचनागत हो। जबसम्म निगरानी प्रणाली पारदर्शी, जवाफदेही र कडाइका साथ लागू हुँदैन, तबसम्म यस्ता गतिविधि रोकिने सम्भावना न्यून देखिन्छ। अब प्रश्न स्पष्ट छ–सरकार 'कडाइ' को भाषणमै सीमित रहने कि वास्तविक सुधारतर्फ अघि बढ्ने? यदि अवस्था यस्तै रहने हो भने सीमामा कडाइको दाबी केवल सर्वसाधारणलाई देखाउने औपचारिकता मात्र ठहरिनेछ। समयमै कडा अनुगमन, निष्पक्ष छानबिन र दोषीमाथि वास्तविक कारबाही नभए राज्यको विश्वसनीयता अझै कमजोर हुने निश्चित छ।

# सही समयमा गर्नुपर्ने निर्णय




एसइईपछि प्राप्त करिब एक महिनाको समय जीवनको दिशा निर्धारण गर्ने महत्त्वपूर्ण अवसर हो। यस अवधिलाई योजनाबद्ध र उद्देश्यपूर्ण रूपमा उपयोग गर्न सके विद्यार्थीको शैक्षिक, व्यक्तिगत तथा व्यावसायिक भविष्यलाई सकारात्मक रूपमा रुपान्तरण गर्न सकिन्छ।



रविप्रसाद बराल

विसं २०८२ चैत १९ देखि सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) सम्पन्न भएसँगै देशभरका करिब पाँच लाखभन्दा बढी विद्यार्थी अहिले जीवनको एक महत्वपूर्ण सङ्क्रमणकालीन चरणमा प्रवेश गरेका छन्। नेपाल सरकारले यस वर्ष एसइईको नतिजा एक महिनाभित्रै सार्वजनिक गर्न निर्देशन दिएको छ। राष्ट्रिय परीक्षा बोर्डले उत्तरपुस्तिका परीक्षण तथा मार्किङ कार्यलाई तीव्र रूपमा अघि बढाइरहेको छ।

कक्षा १० पछि नतिजा पर्खने करिब एक महिना भविष्यको दिशा तय गर्ने महत्वपूर्ण अवसर हो। परीक्षाको दबाबबाट मुक्त यो अवधि विद्यार्थीका लागि 'सम्भावनाको पुल' जस्तै हो; जहाँबाट उनीहरूले आफ्नो लक्ष्य निर्धारण, सिप विकास र 'करिअर' छनोटका आधार तयार गर्न सक्छन्। यस समयको सही र योजनाबद्ध उपयोगले दीर्घकालीन रूपमा व्यक्तित्व र शैक्षिक यात्रामा सकारात्मक प्रभाव पार्न सक्छ।

१४ देखि १६ वर्षको उमेर किशोरावस्थाको संवेदनशील चरण हो। यस समयमा विद्यार्थी शारीरिक, मानसिक र भावनात्मक रूपान्तरणबाट गुज्रिरहेका हुन्छन्। यसले उनीहरूको सोच, व्यवहार र निर्णय क्षमतामा प्रत्यक्ष प्रभाव पार्छ। परीक्षा सकिएपछि अचानक प्राप्त हुने 'खालीपन' कतिपयका लागि अलमलको कारण बन्न सक्छ। यो समय उद्देश्यहीन रूपमा बित्यो भने नकारात्मक बानीको विकास, डिजिटल उपकरणप्रतिको अत्यधिक निर्भरता तथा समयको दुरुपयोग हुने जोखिम बढ्छ। अभिभावक, शिक्षक र स्वयम् विद्यार्थी सबैले मिलेर यस अवधिलाई सचेत र सन्तुलित ढङ्गले व्यवस्थापन गर्नु आवश्यक छ। एसइई परीक्षा र नतिजा प्रकाशनबिचको करिब एक महिनाको 'ब्रिज पिरियड' सीमित भए पनि महत्वपूर्ण हुन्छ। यस अवधिमा विद्यार्थीले सबै गतिविधि एकै पटक गर्न खोज्नुभन्दा प्राथमिकता निर्धारण गरी केही उपयोगी र उद्देश्यपूर्ण कार्यमा केन्द्रित भएमा यो समय वैज्ञानिक र परिणाममुखी बन्न सक्छ।

***विषय छनोटमा सचेत निर्णय***

एसइईपछि विद्यार्थी र अभिभावकका लागि सबैभन्दा ठुलो प्रश्न हुन्छ अब कुन विषय रोज्ने ? विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा वा प्राविधिक/व्यावसायिक धार ? यो निर्णय केवल तत्कालीन अध्ययनका लागि मात्र नभई भविष्यको करिअर र जीवन दिशासँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण निर्णय हो। अझै पनि धेरै विद्यार्थीमा अङ्कका आधारमा मात्र विषय छनोट गर्ने प्रवृत्ति छ। दीर्घकालीन दृष्टिले यो पर्याप्त हुँदैन। किनभने अङ्कले क्षमता पूर्ण रूपमा मापन गर्न सक्दैन। विद्यार्थीले आफ्नो रुचि, क्षमता, व्यक्तित्व र भविष्यमा गर्न चाहेको कामलाई ध्यानमा राखेर विषय छनोट गर्नु पर्छ। विज्ञानप्रति रुचि छ भने सोही अनुसार; व्यवस्थापन, मानविकी वा प्रविधिप्रति झुकाव छ भने त्यसै अनुसार निर्णय लिनु बुद्धिमानी हुन्छ।

***सिपमूलक सिकाइको अवसर***

एसइईपछिको समय औपचारिक अध्ययनको दबाब कम हुने भएकाले सिप सिक्न उपयुक्त अवसर हो। यस अवधिलाई उपयोगी 'स्लट' समयका रूपमा पनि लिन सकिन्छ; जहाँ विद्यार्थीले आफ्नो भविष्य निर्माणका लागि आवश्यक व्यावहारिक सिप विकास गर्न सक्छन्। सिप भनेको सिर्जनात्मक रूपमा सोच्ने, विश्लेषण गर्ने र समस्या समाधान गर्ने क्षमता हो; जुन अभ्यास र निरन्तर प्रयासबाट विकास गर्न सकिन्छ। यस समयमा विद्यार्थीले 'एमएस अफिस', 'बेसिक आइटी', 'ग्राफिक डिजाइन', 'प्रोग्रामिङ', 'फोटोसप', भिडियो सम्पादन, 'एनिमेसन', 'टाइपिङ' तथा 'अकाउन्टिङ' जस्ता सिप सिक्न सक्छन्। यी सिपले डिजिटल युगमा प्रतिस्पर्धी बन्न महत्वपूर्ण भूमिका खेल्छन्। खाना पकाउने वा खेतीपातीमा सहयोग गर्ने घरायसी काममा सहभागी हुनु पनि जीवनोपयोगी अनुभव हो। यस्ता व्यावहारिक अभ्यासले जिम्मेवारीबोध र आत्मनिर्भरता विकास गर्न मद्दत गर्छ। सही समयमा सिकेको सही सिपले विद्यार्थीलाई आगामी अध्ययन र रोजगारी दुवै क्षेत्रमा सक्षम र प्रतिस्पर्धी बनाउँछ।

***भाषा र सञ्चार सिप विकास***

एसइईपछिको यस अवधिमा भाषा तथा सञ्चार सिप विकासमा विशेष ध्यान दिनु आवश्यक हुन्छ। विदेशी भाषा सिक्ने, बोल्ने र लेख्ने अभ्यास गर्ने, 'डुओलिङ्गो' जस्ता माध्यमको उपयोग गर्नु प्रभावकारी उपाय हो। यसले भाषा दक्षता बढाउनुका साथै आत्मविश्वास पनि वृद्धि गर्छ। वक्तृत्वकला, नेतृत्व क्षमता, सार्वजनिक सम्पर्क जस्ता सिप विकास गर्नु पर्छ। आजको युगमा सञ्चार, सहकार्य र 'नेटवर्किङ' सफलताको प्रमुख आधार बनेका छन्। विभिन्न क्लब तथा समूहमा सक्रिय सहभागिता जनाएर यी सिपलाई व्यवहारमा उतार्न सकिन्छ। यसले विद्यार्थीलाई आत्मविश्वासी, प्रभावकारी र सक्षम व्यक्तित्व निर्माण गर्न सहयोग पुर्‍याउँछ।

सामाजिक सेवा र नेतृत्व विकास

विद्यार्थीले यस अवधिलाई सामाजिक सेवामूलक गतिविधिमा सक्रिय सहभागिता जनाउने महत्वपूर्ण अवसरका रूपमा उपयोग गर्न सक्छन्। रक्तदान, सरसफाइ अभियान, वृक्षरोपण, पुस्तक सङ्कलन, साक्षरता कार्यक्रम जस्ता कार्यले उनीहरूमा समाजप्रतिको जिम्मेवारीबोध विकास गर्न महत्वपूर्ण भूमिका खेल्छन्। रोट्र्याक्ट क्लब, लियो क्लब, टोस्टमास्टर क्लब तथा जुनियर रेडक्रस सर्कल जस्ता संस्थामा संलग्न हुन सके विद्यार्थीमा सामाजिक उत्तरदायित्व, सहकार्य भावना र नेतृत्व क्षमताको विकासमा योगदान पुग्छ। यस्ता गतिविधिबाट प्राप्त अनुभव कक्षाकोठाभन्दा बाहिरको जीवनोपयोगी शिक्षाका रूपमा स्थापित हुन्छन्। यसले विद्यार्थीलाई जिम्मेवार, संवेदनशील र सक्रिय नागरिकका रूपमा विकसित गर्न मद्दत गर्नुका साथै भविष्यप्रति सकारात्मक दृष्टिकोण निर्माण गर्न समेत सहयोग पुर्‍याउँछ।

***अध्ययन संस्कृतिको विस्तार***

पाठ्यपुस्तकभन्दा बाहिरका पुस्तक पढ्ने बानी विकास गर्नु विद्यार्थी जीवनमा लाभदायक हुन्छ। उपन्यास, कथा, कविता, निबन्ध तथा समसामयिक लेखहरूको अध्ययनले ज्ञानको दायरा फराकिलो बनाउँछ। विद्यार्थीको सोच्ने क्षमता बढ्छ। पढाइलाई केवल परीक्षाकेन्द्रित नभई जीवनमुखी बनाउने हो भने नियमित पठनसंस्कृति विकास गर्नु आवश्यक हुन्छ। यसले विद्यार्थीको भाषा सिप सुधार गर्नुका साथै कल्पना शक्ति, विश्लेषण क्षमता र आलोचनात्मक सोच पनि बढाउँछ। नेल्सन मन्डेला, महात्मा गान्धी, एपिजे अब्दुल कलाम, बिपी कोइराला, राजा महेन्द्र, मनमोहन अधिकारी, मदन भण्डारी जस्ता प्रेरणादायी व्यक्तित्वका जीवनीले विद्यार्थीलाई केवल जानकारी मात्र होइन; जीवनदृष्टि र प्रेरणा पनि प्रदान गर्छन्। यस्ता अध्ययनले विद्यार्थीमा आत्मविश्वास, नैतिक मूल्य, समाजप्रतिको बुझाइ तथा जीवनप्रति सकारात्मक दृष्टिकोण विकास गर्न सहयोग पुर्‍याउँछ।

***सिर्जनात्मकता र रुचिको विकास***

सङ्गीत, नृत्य, चित्रकला, खेलकुद, फोटोग्राफी, कविता लेखन वा 'रोबोटिक्स' जस्ता गतिविधिमा सक्रिय रूपमा सहभागी भएर यो अवधिमा विद्यार्थीले आफ्ना लुकेका प्रतिभा पहिचान गर्न सक्छन्। यस्ता गतिविधिले सिर्जनशील सोच, आत्मविश्वास र भावनात्मक बुद्धिमत्ता विकास गर्न मद्दत गर्छन्। पढाइसँगै रुचिका क्षेत्रमा समय दिन सके भविष्यमा यही रुचि 'करिअर' को आधार बन्न सक्छ। परिवार र साथीभाइसँग ऐतिहासिक स्थल, सङ्ग्रहालय तथा प्राकृतिक स्थलहरूको भ्रमण गर्नु पनि उपयोगी हुन्छ। यस्ता भ्रमणले विद्यार्थीलाई किताबको सीमाभन्दा बाहिरको वास्तविक जीवनसँग जोड्छ र सांस्कृतिक तथा भौगोलिक ज्ञान विस्तार गर्छ। अनुभवात्मक सिकाइले अध्ययनलाई अझ अर्थपूर्ण र व्यावहारिक बनाउँछ।

यस समयमा 'ब्रिज कोर्स', अनलाइन अध्ययन सामग्रीको उपयोग र स्वअध्ययनमार्फत कक्षा ११ को तयारी गर्न सकिन्छ। यसले नयाँ शैक्षिक चरणमा सहज प्रवेश गराउँदै अध्ययनलाई व्यवस्थित र आत्मविश्वासपूर्ण बनाउँछ। अनलाइन स्रोतहरूको उपयोग गर्दा स्वअनुशासन अत्यन्त आवश्यक हुन्छ। अत्यधिक भिडियो गेम, युट्युब, सामाजिक सञ्जाल वा 'भर्चुअल' संसारमा समय बिताउने बानीले लत बस्ने जोखिम बढाउँछ। प्रविधिको प्रयोगलाई सिकाइ र आत्मविकासमा सीमित राख्दै सन्तुलित र नियन्त्रित प्रयोग गर्ने बानी विकास गर्नु आवश्यक छ। सन्तुलित डिजिटल अनुशासनले समय व्यवस्थापन सुधार गर्दै भविष्यको अध्ययनलाई सहज बनाउँछ।

ध्यान र योगले मानसिक एकाग्रता बढाउँछ, तनाव घटाउँछ र आत्मविश्वास विकास गर्छ। योगाले शरीरलाई स्वस्थ, सन्तुलित र सक्रिय राख्छ। यसले अनुशासन, आत्मसंयम र सकारात्मक सोच विकास गर्छ; जसले विद्यार्थीको सफलताको आधार तयार गर्छ।

***अन्त्यमा***

एसइईपछि प्राप्त करिब एक महिनाको समय जीवनको दिशा निर्धारण गर्ने महत्वपूर्ण अवसर हो। यस अवधिलाई योजनाबद्ध र उद्देश्यपूर्ण रूपमा उपयोग गर्न सके विद्यार्थीको शैक्षिक, व्यक्तिगत तथा व्यावसायिक भविष्यलाई सकारात्मक रूपमा रूपान्तरण गर्न सकिन्छ। यस प्रक्रियामा अभिभावक, शिक्षक, विद्यालय र राज्यबिचको समन्वित सहयोग र उचित मार्गदर्शन आवश्यक हुन्छ। यस्तो सहकार्यले विद्यार्थीलाई आफ्ना रुचि, क्षमता र सम्भावनाको सही पहिचान गर्न तथा सोचविचार गरेर उपयुक्त विषय र 'करिअर' मार्ग छनोट गर्न मद्दत गर्छ। सही समयमा गरिएको सही निर्णय नै सफल, सन्तुलित र उद्देश्यपूर्ण जीवनको पहिलो तथा सबैभन्दा महत्वपूर्ण आधार हुन्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानमा इन्टरनेट बन्द ५० औं दिनमा प्रवेश



***बैशाख ६, पेरिस, फ्रान्स –***
मध्यपूर्व युद्धको सुरुवातसँगै इरानी अधिकारीहरूले इन्टरनेटको पहुँचमा लगाएको प्रतिबन्ध शनिबार 'अकल्पनीय' ५० औं दिनमा प्रवेश गरेको इन्टरनेट बजार अनुगमनकारी संस्था 'मोनिटर नेटब्लक्स' ले जनाएको छ।

नेटब्लक्सको सामाजिक सञ्जाल पेज एक्समा शनिबार लेखिएको छ, 'इरान सात हप्तादेखि विश्वव्यापी इन्टरनेटबाट अलग भएको छ र 'डिजिटल प्रतिबन्ध' को ११७६ घण्टापछि ५० औं दिनमा प्रवेश गरेको छ।' 'तथ्याङ्ले इन्टरनेटविहिन अवस्थाले आधुनिक समाजको लागि अतिआवश्यक मानिएको सेवाबाट बञ्चित हुनुलाई अधिकांश इरानीहरूको जीविकोपार्जन र मानव अधिकारमा पुर्याइरहेको हानिबारे सङ्केत गर्छ,' नेटब्लक्सले भनेको छ। नेटब्लक्सका अनुसार अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमा आक्रमण गरेलगत्तै इरानमा इन्टरनेटमा प्रतिबन्ध लगाइएको थियो, जुन यसअघि अप्रिल ५ सम्ममा नै रेकर्ड गरिएको सबैभन्दा लामो राष्ट्रव्यापी बन्द थियो। नेटब्लक्सको अनुगमनले त्यस समयमा उल्लेख गरेको थियो, 'उत्तर कोरिया कहिल्यै पनि विश्वव्यापी इन्टरनेटमा जडान भएको छैन। केही देशहरूले लामो समयसम्म बीच–बीचमा वा क्षेत्रीय–स्तरका प्रतिवन्धको अनुभव गरेका थिए।' इरानको अत्यन्त प्रतिबन्धित स्थानीय इन्ट्रानेटले युद्धभरि काम गरिरहेको छ, जसले मानिसहरूलाई घरेलु वेबसाइटहरूमा जोडिन सक्षम बनाएको छ।

## भारतको तामिलनाडुस्थित पटाका उद्योगमा आगलागी, २० जनाको मृत्यु



***बैशाख ६, नयाँ दिल्ली –***
भारतको दक्षिणी क्षेत्र तामिलनाडुको भिरुदुनगरस्थित एक पटाका कारखानामा आइतबार भएको आगलागीमा परी कम्तीमा २० व्यक्तिको मृत्यु हुनुको साथै अन्य ६ जना घाइते भएका छन्।

स्थानीय प्रहरी प्रमुख एन श्रीनाथका अनुसार आगलागीमा कम्तीमा २० जनाको मृत्यु भएको पुष्टि भएको छ। उनले आगलागीको कारण खुल्न नसकेको र उद्धारकर्ताले घटनास्थलमा अझै काम गरिरहेको बताए।भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जालमार्फत उक्त घटनामा आफ्ना प्रियजन गुमाएका पीडित परिवारप्रति समवेदना व्यक्त गरेका छन्। तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले एक्समा एक पोस्ट गर्दै पटाका कारखानामा भएको आगलागी र मृत्युको घटना 'दुःखद' भएको बताए।

मध्य भारतको एक विद्युत गृहमा यसै साता भएको विस्फोटमा पनि २० जनाभन्दा बढीको मृत्यु भएको थियो। गत महिना पनि भारतको पश्चिम क्षेत्रमा रहेको एक पटाका कारखानामा आगलागी हुँदा १७ जनाको मृत्यु भएको थियो।

---

भइसकेको छ। अब बाँकी रहेको खण्डमा संरचना हटाउने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने भएको हो।

महानगरले यसअघि नै २०८१ माघ १३ गते सूचना जारी गरी संरचना हटाउन आग्रह गरेको भए पनि विभिन्न कारणले कार्यान्वयन हुन नसकेको जनाएको छ। अब तोकिएको समयसीमा–सोमबार दिउँसो ३ बजेसम्म–भित्र संरचना खाली नगरे महानगरले आफैं डोजर लगाएर हटाउने चेतावनी दिएको छ।

महानगरका अनुसार जबरजस्ती हटाउनुपरे त्यस क्रममा हुने क्षति वा खर्च सम्बन्धित घरधनी वा व्यवसायीले नै बेहोर्नुपर्नेछ।

महानगरले सडक विस्तारलाई शहरी यातायात सुधार, ट्राफिक व्यवस्थापन सहजता र विकास योजनासँग जोडिएको परियोजना भएको बताएको छ। यता स्थानीयले भने पर्याप्त समय नदिई गरिएको अल्टिमेटमप्रति असन्तुष्टि जनाएका छन्।

## एनओसी...

डाउनलोड गरी प्रिन्ट गर्न सक्नेछन्। डिजिटल रूपमा जारी गरिने प्रमाणपत्रमा सुरक्षाका लागि क्यूआर कोड राखिएको छ, जसलाई स्क्यान गरेर यसको आधिकारिकता सजिलै परीक्षण गर्न सकिन्छ।

मन्त्रालयका अनुसार नयाँ व्यवस्थाले विद्यार्थीहरूको समय र खर्च दुवै बचत गर्नेछ। साथै, एनओसी शाखामा हुने भीडभाड कम हुनुका साथै बिचौलियाको प्रभाव समेत घट्ने अपेक्षा गरिएको छ।

डिजिटल सेवातर्फको यो कदमलाई सरकारी सेवा प्रवाहलाई छरितो, पारदर्शी र सेवाग्राहीमैत्री बनाउने प्रयासका रूपमा हेरिएको छ।

## हावाहुरीको कहर...

व्यवस्थापन नगर्दा यस्ता दुर्घटना बढिरहेको स्थानीयले गुनासो गरेका छन्।

यसैबीच, बाराको कोल्हबी नगरपालिका-५ सोनाबारमा चट्याङ लागेर ३२ वर्षीय लुटावन चौधरीको मृत्यु भएको छ। छठिघाट नजिकै खेतमा काम गरिरहेका बेला चट्याङ लागेर उनी गम्भीर घाइते भएका थिए। घर ल्याउने क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। मृतकका श्रीमती र दुई छोरा रहेका छन्।

लगातारको हावाहुरी, वर्षा र चट्याङका कारण भएको यी घटनापछि सुरक्षा सतर्कता बढाउन स्थानीय प्रशासनले आग्रह गरेको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## जीतपुरसिमरामा...

घरधनीले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए। तर सर्वोच्च अदालतले २०८१ साल फागुन २८ गते सरकारको पक्षमा फैसला गर्दै सबै रिट खारेज गरेपछि कार्यान्वयन अघि बढाइएको हो।

यो अभियानबाट करिब १२०० निजी घरटहरा र २९ सरकारी भवन प्रभावित हुने अनुमान गरिएको छ। बिहानैदेखि नगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरीले सुरक्षा व्यवस्थापन गरेका थिए। तर, स्थानीय व्यापारी र घरधनीहरूले भने १२ घण्टाभन्दा कम समयमा सूचना दिइएकाले सरसामान सार्न समस्या भएको गुनासो गरेका छन्। केही राजनीतिक तथा स्थानीय नेताहरूले समेत यो कदमलाई समय नदिई गरिएको भन्दै आलोचना गरेका छन्।

यसैबीच, सडक विस्तारका क्रममा केही स्थानमा विद्युत र इन्टरनेट सेवा अवरुद्ध भए पनि दिउँसोसम्म पुनः सञ्चालन गरिएको थियो।

प्रशासनले भने लामो समयदेखि रोकिएको परियोजना कार्यान्वयन हुँदा ट्राफिक व्यवस्थापन सहज हुने, व्यापारिक गतिविधि बढ्ने र वीरगञ्जको स्वरूप आधुनिक बन्ने अपेक्षा गरिएको जनाएको छ। अभियान निरन्तर अघि बढाइने र आवश्यक परे थप डोजर परिचालन गरिने जनाइएको छ।

## बारामा कपडा...

सचेत हुने गरेको गम्भीर आरोप पनि स्थानीयले लगाएका छन्।

लामो समयदेखि जारी यस्तो संगठित तस्करीले सीमाक्षेत्रको सुरक्षा संयन्त्र, राजस्व प्रणाली र राज्यको प्रभावकारितामाथि प्रश्न उठाएको छ। स्थानीयवासीले तत्काल प्रभावकारी अनुगमन, गोदाममा कडाइ, नाकामा नियमित छड्के चेकजाँच र तस्करी सञ्जालमा संलग्न व्यक्तिमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन्।

## वीरगञ्ज नाकामा...

सरकारले भने राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले भन्सार महसुल ऐन, २०८१ अनुसार १०० रुपैयाँभन्दा माथिका वस्तुमा कर अनिवार्य गरेको बताएको छ। पछिल्ला दिनहरूमा यो व्यवस्था कडाइका साथ लागू भएपछि सीमा क्षेत्रका व्यापारी र यात्रुहरू प्रभावित भएका छन्।

यस विषयमा विभिन्न राजनीतिक दल, स्थानीय नागरिक र व्यवसायीहरूले समेत असन्तुष्टि जनाउँदै नियम पुनर्विचार गर्न सरकारसँग माग गरेका छन्।

## मुर्लीचोक...

क्षेत्रीय कार्यालयदेखि सबाह अन्सारीको घरसम्मको सडक विस्तार यसअघि नै सम्पन्न


## स्थानीय तह पुनर्संरचना प्रक्रिया सुरु : संख्या र सीमाना हेरफेरका लागि नयाँ मापदण्ड

***काठमाडौं । ६ बैशाख,***
सरकारले देशभरका स्थानीय तहहरूको संख्या र सीमाना हेरफेर गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बढाएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका, नगरपालिका तथा वडाको संख्या, सीमाना र वर्गीकरण पुनरावलोकनसम्बन्धी मापदण्डको मस्यौदा तयार गरी प्रदेश सरकारहरूसँग सुझाव मागेको हो। संघीयता कार्यान्वयन भएको झण्डै एक दशकपछि स्थानीय तहको संरचना व्यवहारिक र सन्तुलित छ कि छैन भन्ने बहस चुलिँदै आएको सन्दर्भमा सरकारले यो पहल थालेको हो। प्रस्तावित मापदण्डमा स्थानीय तहको संख्या वा सीमाना परिवर्तन गर्दा जनसंख्या, भूगोल, प्रशासनिक पहुँच र सेवा प्रवाहको सहजता मुख्य आधार हुने उल्लेख गरिएको छ। त्यस्तै पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोतसाधनको उपलब्धता तथा भाषिक र सांस्कृतिक बनोटलाई पनि महत्वपूर्ण आधारका रूपमा राखिएको छ। मन्त्रालयका अनुसार हाल विभिन्न जिल्लाबाट स्थानीय तहको सीमाना हेरफेर, वडा विभाजन तथा पुनर्संरचनासम्बन्धी दर्जनौं निवेदन प्राप्त भएका छन्। विगतमा स्थानीय तह गठन गर्दा कतिपय स्थानमा मापदण्ड पूर्ण रूपमा पालना नभएको र केही निर्णयहरू असन्तुलित भएको गुनासोसमेत उठ्दै आएको छ। उदाहरणका रूपमा केही जिल्लाका सदरमुकाम अझै गाउँपालिकामै सीमित छन् भने कतिपय जिल्लामा जनसंख्यालाई मात्र आधार मानेर धेरै नगरपालिका गठन गरिएका छन्। प्रस्तावित व्यवस्थाअनुसार स्थानीय तहको संख्या र सीमाना हेरफेरका लागि जिल्ला समन्वय समितिको संयोजकत्वमा अध्ययन समिति गठन गरिनेछ। उक्त समितिमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि, प्रशासनिक अधिकारी तथा प्राविधिक सदस्यहरू रहनेछन्। समितिले आवश्यक अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन तयार पार्नुपर्नेछ। समितिले वडाको सीमाना परिवर्तन, स्थानीय तह गाभ्ने वा नयाँ संरचना बनाउने सम्बन्धमा सिफारिस गर्न सक्नेछ। यस प्रक्रियामा स्थानीय तहको गाउँसभा वा नगरसभाबाट दुई तिहाइ बहुमतले प्रस्ताव पारित गर्नुपर्ने प्रावधान राखिएको छ। त्यसपछि प्रस्ताव प्रदेश सरकारमा पठाइनेछ र प्रदेश सरकारले मापदण्डअनुसार मूल्यांकन गरी उपयुक्त ठहरेमा संघीय सरकारलाई सिफारिस गर्नेछ। अन्तिम निर्णय भने संघीय सरकारले गर्नेछ।


मापदण्डमा केही महत्वपूर्ण सर्तहरू पनि राखिएका छन्। प्रदेशको सीमाना परिवर्तन गर्न नपाइने, वडाहरूलाई अनावश्यक रूपमा टुक्र्याउन नहुने, तथा प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचन क्षेत्रहरूमा असर नपर्ने गरी सीमाना हेरफेर गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै नागरिकलाई सेवा प्रवाह सहज हुने गरी प्रशासनिक पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ।

कानुनी व्यवस्थाअनुसार स्थानीय तहको संख्या वा सीमाना हेरफेर आगामी निर्वाचन हुनुभन्दा कम्तीमा एक वर्षअघि नै टुंग्याइसक्नुपर्ने हुन्छ। त्यसैले सरकारले समयमै प्रक्रिया अघि बढाएको जनाएको छ।


विशेषज्ञहरूका अनुसार अबको पुनर्संरचना केवल भूगोल मिलाउने विषयमा मात्र सीमित नभई स्थानीय तहको कार्यक्षमता, स्रोत बाँडफाँड र सेवा प्रवाह सुधारसँग प्रत्यक्ष रूपमा जोडिएको छ। यसले दीर्घकालीन रूपमा स्थानीय शासनलाई प्रभावकारी, सन्तुलित र नागरिकमैत्री बनाउने अपेक्षा गरिएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

संवाहक राष्ट्रिय दैनिक


# एनओसी अब अनलाइनमै, वैदेशिक अध्ययन प्रक्रियाको लागि कार्यालय धाउनुपर्ने झन्झट अन्त्य

**काठमाडौं, ६ वैशाख –**
वैदेशिक अध्ययनमा जान चाहने विद्यार्थीहरूका लागि 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) प्राप्त गर्ने प्रक्रिया अब झन् सहज हुने भएको छ। सरकारले सेवा प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाउँदै घरबाटै अनलाइनमार्फत एनओसी लिन सकिने व्यवस्था लागू गरेको हो।




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको एनओसी शाखाले आफ्नो सेवालाई 'फेसलेस' बनाउँदै अनलाइन प्रणाली कार्यान्वयनमा ल्याएको जनाएको छ। यसका लागि एनओसी पोर्टललाई त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय को प्रणालीसँग एपीआईमार्फत अन्तरआबद्ध गरिएको छ, जसले विद्यार्थीका शैक्षिक प्रमाणपत्रहरू स्वचालित रूपमा प्रमाणीकरण गर्नेछ।
यसअघि विद्यालय तहको विवरण राष्ट्रिय परीक्षा बोर्ड तथा नागरिकताको विवरण गृह मन्त्रालय को प्रणालीमार्फत रुजु हुने व्यवस्था भए पनि स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहका प्रमाणपत्रका लागि विद्यार्थी स्वयं कार्यालय पुग्नुपर्ने बाध्यता थियो। नयाँ प्रणाली लागू भएसँगै भने विश्वविद्यालयको रजिस्ट्रेसन नम्बर र जन्ममितिका आधारमा प्रमाणपत्रहरू स्वतः प्रमाणीकरण हुनेछन्।
त्यसैगरी, एनओसी दस्तुर भुक्तानीका लागि महालेखा नियन्त्रक कार्यालय को अनलाइन राजस्व प्रणालीसँग पनि आबद्धता कायम गरिएको छ। यसले गर्दा अब विद्यार्थीहरूले शुल्क पनि अनलाइनमार्फतै तिर्न सक्नेछन्।
आवेदन प्रक्रिया पूरा भई स्वीकृत भएपछि विद्यार्थीहरूले आफ्नो व्यक्तिगत प्रोफाइलबाटै एनओसी

बाँकी तेस्रो पृष्ठमा

# भ्रष्टाचार मुद्दा दायरमा तीव्र वृद्धि, पाँच वर्षमा ७९८ मुद्दा विशेष अदालतमा

**काठमाडौं । ६ वैशाख २०८३**
नेपाली कांग्रेसभित्रको आन्तरिक विवाद फेरि चर्किएको छ। पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले पार्टीभित्र तत्काल एकताको पहल नगरे संगठन विभाजनसम्म पुग्न सक्ने चेतावनी दिएको छ।
आइतबार काठमाडौंमा बसेको १४औं महाधिवेशनबाट निर्वाचित सदस्यहरूको बैठकले पार्टी नेतृत्वले एकताका लागि ठोस कदम नचाले गम्भीर संकट उत्पन्न हुने निष्कर्ष निकालेको हो। बैठकमा सहभागी नेताहरूले हालको विवाद समाधानमा वर्तमान नेतृत्वको भूमिका निर्णायक हुने बताएका छन्।
नेता मीन विश्वकर्माले सर्वोच्च अदालतको आदेशपछि उत्पन्न परिस्थितिमा एकताको वातावरण बनाउने जिम्मेवारी सभापति गगन थापाको नेतृत्वमा रहेको समितिको भएको बताए। उनले एकता प्रयास ढिलो भए पार्टीलाई गम्भीर क्षति पुग्न सक्ने चेतावनी पनि दिए।
बैठकमा सहभागी नेताहरूले अदालतको आदेशप्रति सम्मान जनाउँदै त्यसलाई स्वीकार गर्ने तर पार्टीभित्रको आन्तरिक असमझदारी



तत्काल समाधान गर्नुपर्नेमा जोड दिएका छन्। उनीहरूले ऐतिहासिक रूपमा लोकतान्त्रिक अभ्यासमा अग्रणी रहेको पार्टी कमजोर बन्नु चिन्ताजनक भएको टिप्पणी गरेका छन्।
देउवा पक्षले पार्टी एकताका लागि चरणबद्ध रूपमा जिल्ला, प्रदेश हुँदै राष्ट्रिय स्तरमा भेला गर्ने निर्णय पनि गरेको छ। साथै, वर्तमान नेतृत्व र पूर्व नेतृत्वबीच समन्वय गरेर एउटै महाधिवेशन कार्यतालिका बनाउन सकिए मात्र एकता सम्भव हुने धारणा राखिएको छ।
यदि फरक-फरक कार्यतालिकामा महाधिवेशन गर्ने अवस्था बने पार्टी विभाजनको जोखिम उच्च रहने नेताहरूको भनाइ छ। उनीहरूले सानेपास्थित केन्द्रीय नेतृत्वले पनि एकताको आवश्यकता गम्भीर रूपमा बुझ्नुपर्नेमा जोड दिएका छन्।
देउवा पक्षले छिट्टै पूर्व पदाधिकारी, केन्द्रीय सदस्य र प्रदेश सभापतिहरूको बृहत बैठक बोलाएर समग्र अवस्थाको समीक्षा गरी आगामी रणनीति तय गर्ने तयारीसमेत गरेको छ।

# वीरगञ्ज नाकामा भन्सार १०० का नियमविरुद्ध धर्ना : जनअधिकार पार्टीको विरोध प्रदर्शन

**६ वैशाख, वीरगञ्ज ।**
भारतबाट १०० रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा भन्सार कर अनिवार्य गरिएको सरकारी निर्णयविरुद्ध जनअधिकार पार्टीले आइतबार वीरगञ्ज नाकास्थित शंकराचार्य गेटमा धर्ना प्रदर्शन गरेको छ।




पार्टीका अध्यक्ष डा. शरदसिंह यादवको नेतृत्वमा भएको प्रदर्शनमा नेता-कार्यकर्ताहरू करिब एक घण्टा सडकमा बसेर सरकारको निर्णय फिर्ता लिन माग गरेका थिए।
धर्नाका क्रममा अध्यक्ष यादवले सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकलाई प्रत्यक्ष असर पर्ने गरी यस्तो नियम ल्याइएको भन्दै आपत्ति जनाए। उनले नेपाल-भारतबीचको सामाजिक तथा पारिवारिक सम्बन्धलाई समेत असर पार्ने खालको निर्णय भएको आरोप लगाए। उनका अनुसार महँगी बढिरहेको अवस्थामा सरकार जनतालाई राहत दिनुको सट्टा कर कडाइमा केन्द्रित भएको छ। उनले भन्सार कडाइलाई "सीमा क्षेत्रका बासिन्दामाथिको दबाबपूर्ण नीति" भन्दै तत्काल सच्याउन आग्रह गरे।

बाँकी तेस्रो पृष्ठमा

# रास्वपाको नयाँ संगठनात्मक अभ्यास : प्रत्यक्ष सांसद नभएका क्षेत्रमा समानुपातिक सांसद खटाइन

**काठमाडौं । ६ वैशाख २०८३**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संगठन विस्तारलाई लक्षित गर्दै प्रत्यक्ष निर्वाचित सांसद नभएका निर्वाचन क्षेत्रमा समानुपातिक सांसदलाई जिम्मेवारी दिने नयाँ व्यवस्था लागू गर्ने निर्णय गरेको छ।
आइतबार वनस्थलीस्थित केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले यस्तो निर्णय गरेको हो। पार्टीका अनुसार यस कदमले स्थानीय तहमा पार्टीको उपस्थिति बलियो बनाउने र संगठनात्मक समन्वय प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।
प्रवक्ता मनिष झाले जानकारी दिए अनुसार, कुन सांसदलाई कुन जिल्ला वा निर्वाचन क्षेत्रमा खटाउने भन्ने विस्तृत सूची तयार पारिएको छ, जसलाई भोलि बस्ने केन्द्रीय समितिको बैठकले औपचारिक रूपमा पारित गर्नेछ।
पार्टीले प्रत्यक्ष सांसद नरहेका क्षेत्रमा संगठनात्मक गतिविधि कमजोर हुन नदिन समानुपातिक सांसदलाई सक्रिय भूमिकामा ल्याउने नीति लिएको जनाएको छ। यसअनुसार सांसदहरूले सम्बन्धित क्षेत्रको संगठन, जनसम्पर्क र पार्टी




गतिविधिमा प्रत्यक्ष समन्वय गर्नेछन्।
त्यसैगरी बैठकले आगामी वैशाख १५ गतेदेखि जिल्ला अधिवेशन सुरु गर्ने निर्णय पनि गरेको छ। जिल्ला अधिवेशनमार्फत स्थानीय संरचना विस्तार र संगठनलाई अझ व्यवस्थित बनाउने तयारी गरिएको छ।
विश्लेषकहरूका अनुसार रास्वपाको यो निर्णय संगठन विस्तारको दृष्टिले महत्वपूर्ण भए पनि यसको कार्यान्वयन प्रभावकारी भयो भने मात्र स्थानीय तहमा ठोस प्रभाव देखिनेछ। नयाँ दल भएकाले संरचना निर्माणमै केन्द्रित हुनु स्वाभाविक भए पनि चुनौती भने कायमै रहने उनीहरूको भनाइ छ।

# मूर्लीचोक-पूर्व सडक विस्तार : संरचना हटाउन वीरगञ्ज महानगरको २४ घण्टे अल्टिमेटम

**संवाहक सम्वादाता-६ बैशाख, कलैया**
वीरगञ्ज महानगरपालिकाले मूर्लीचोकदेखि पूर्वतर्फ बाइपास हुँदै नेपाल आयल निगमसम्मको सडक विस्तार कार्य तीव्र बनाउँदै उक्त क्षेत्रमा पर्ने संरचना हटाउन २४ घण्टे अन्तिम अल्टिमेटम दिएको छ।




महानगरले जारी गरेको सूचनाअनुसार मूर्लीचोकदेखि सबाह अन्सारीको घरसम्मको सडक खण्डमा दायाँ-बायाँ ५/५ मिटर गरी कुल १० मिटर क्षेत्र खाली गर्नुपर्नेछ। सो क्षेत्रभित्र पर्ने घरटहरा, पसल तथा अन्य संरचना हटाउन स्थानीयलाई आग्रह गरिएको छ।
महानगरका अनुसार आयल निगम

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

प्रसौनी गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।